# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

# करार सेवामा पदपूर्तिका लागि दरखास्त आव्हान गरिएको सूचना

(मिति २०८२/०९/०१)

यस अर्जुनधारा नगरपालिकामा चालू आर्थिक वर्ष २०८२/०८३मा नेपाल सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम अन्तर्गत अस्थायी दरबन्दी स्वीकृत भएका देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्ति करार सेवामा पदपूर्ती गर्नुपर्ने भएको हुँदा तोकिएको योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र रीतपूर्वक दरखास्त आव्हान गरिएको छ ।

| विज्ञापन नं. | कार्यक्रम/परियोजना | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १/०८२/०८३ | प्रदेश तथा स्थानीय तह सहयोग कार्यक्रम | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर सातौं | १ (एक) |
| २/०८२/०८३ | म स्वास्थ, मेरो समुदाय स्वस्थ, घर टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | जनस्वास्थ्य अधिकृत | अधिकृतस्तर सातौं | १ (एक) |
| ३/०८२/०८३ | स्थानीय तहमा कृषि स्नातक प्रविधिक परिचालन कार्यक्रम | पशु चिकित्सक | अधिकृतस्तर छैटौं | १ (एक) |
| ४/०८२/०८३ | किसान सूचीकरण कार्यक्रम | सहजकर्ता (तथ्यांक संकलक) | - | १० (दश) |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

क. वि.नं १/०८२/०८३ सूचना प्रविधि अधिकृत पदका लागि: कम्प्युटर साइन्समा स्नातक वा कम्प्युटर इन्जिनियरिङमा स्नातक वा प्रमुख विषय कम्प्युटर साइन्स लिई ३ वर्ष स्नातक वा विज्ञानमा स्नातक गरी स्वीकृत संस्थाबाट सिस्टम एनालिश डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तीमा ९ महिनाको डिप्लोमा प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट computer वा information and communications technologies वा सो सरहको विषयहरुमध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc IT, BSc CSIT) गरेको ।

ख. वि.नं २/०८२/०८३ जनस्वास्थ्य अधिकृत पदका लागि: जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह योग्यता हासिल गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको ।

ग. वि.नं ३/०८२/०८३ पशु चिकित्सक पदको लागि: पशुपन्छी विज्ञान (पशु चिकित्सक) तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट पशु चिकित्सा विषयमा B.V.Sc. & AH/ B.V. Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण भई नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको ।

घ. वि.नं ४/०८२/०८३ सहजकर्ता (तथ्यांक संकलक) पदको लागि: कक्षा १२ वा सो सरह उत्तीर्ण गरी आधारभुत कम्प्युटर तालिम लिएको ।

**२. छनौट विधि:**

क. सूचना प्रविधि अधिकृत: लिखित परीक्षा, प्रयोगात्मक र मौखिक अन्तर्वार्ता ।

ख. जनस्वास्थ्य अधिकृत, पशु चिकित्सक र सहजकर्ता तथ्याक्त संकलक पद: लिखित परीक्षा र मौखिक अन्तरवार्ता ।

**३. पाठ्यक्रम:**

| | |
|---|---|
| **सूचना प्रविधि अधिकृत** | **लिखित परीक्षा:** लोक सेवा आयोगबाट स्वीकृत नेपाल विविध सेवा राजपत्रांकित तृतीय श्रेणीको कम्प्युटर अधिकृत पदको प्रथम चरणको लिखित परीक्षाको प्रथम पत्रको दोश्रो खण्ड (Part ii) General Technical Subject ५० पूर्णाङ्क<br>**प्रयोगात्मक:** सोही पदका लागि तोकिएको प्रयोगात्मक परीक्षाको पाठ्यक्रम |
| **जनस्वास्थ्य अधिकृत** | लिखित परीक्षा: प्रदेश लोक सेवा आयोग कोशी प्रदेशद्वारा निर्धारित प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिकतर्फ स्वास्थ्य सेवा, हेल्थ ईन्सपेक्सन समूह, सातौं तहका पदको खुला, अन्तर स्थानीय तह तथा अन्तर तह प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम अन्तर्गतको १०० पूर्णाङ्कको प्रथम पत्र |
| **पशु चिकित्सक** | लिखित परीक्षा: प्रदेश लोक सेवा आयोग कोशी प्रदेशद्वारा निर्धारित प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिक तर्फ कृषि सेवा, भेटेरिनरी समूह, अधिकृतस्तर सातौं तहको पदको खुला, अन्तर स्थानीय तह तथा अन्तर तह प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम अन्तर्गतको १०० पूर्णाङ्कको प्रथम पत्र |
| **सहजकर्ता (तथ्यांक संकलक)** | लिखित परीक्षा: किसान सुचिकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०८१ सम्बन्धी वस्तुगत बहुवैकल्पिक प्रश्न ५० पूर्णाङ्क |

**४. पारिश्रमिक:** उल्लेखित कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख भए बमोजिम सम्बन्धित तहको सुरु तलब स्केल बराबर । वि.नं. ४/८२/८३ सहजकर्ता (तथ्यांक संकलक) पदमा छनौट हुने सहजकर्ताले तथ्याक्त संकलन गरेवापत प्रति घरधुरी रु ७५ पारिश्रमिक, प्रति १० घरधुरी तथ्याक्त संकलन गरेवापत रु १२५ खाजा भत्ता तथा मासिक रु. १००० सञ्चार खर्च उपलब्ध हुनेछ ।

**५. संलग्न गर्नुपर्ने कागजातहरु:** उम्मेदवार स्वयम्ले प्रमाणित गरेको नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी, शैक्षिक योग्यताको प्रमाणपत्र तथा तालिमको प्रमाणपत्रको फोटोकपी, सम्बन्धित परिषद्मा दर्ता हुनुपर्नेको हकमा परिषद् प्रमाण-पत्रको फोटोकपी र २ प्रति फोटो ।

**६. करार अवधि:** २०८३ आषाढ मसान्तसम्म । कार्यक्रम निरन्तरता भएमा नवीकरण हुन

७. आवेदन फाराम कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

**८. आवेदन दस्तुर:**

क. सूचना प्रविधि अधिकृत, पशु चिकित्सक र जनस्वास्थ्य अधिकृत पदका लागि रु. १०००/-

ख) सहजकर्ता (तथ्यांक संकलक) पदका लागि रु. ३००/-

**अनोज कमार घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**

कान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : स्पा मुखिया/ सन्तोष अधिकारी
र्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com